मितिः २०८२ फागुन २८ गते

## संयुक्त प्रेस विज्ञप्ती

वीरेन्द्रनगर, १ सुर्खेत निवासी १६ वर्षीय बालिका इनिसा वि.क को सामूहिक बलात्कार पछि हत्या भएको घटनाप्रति राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। मानव सभ्यतामाथि नै चुनौति दिने गरी भएको यो विभत्स घटनाप्रति हामी गहिरो दुःख व्यक्त गर्दछौं।

स्थानीय प्रशासनबाट आयोगले प्राप्त गरेको प्रारम्भिक विवरण अनुसार निज बालिकाको बलात्कारपछि हत्या भएको बुझिन्छ । संघीय लोकतान्त्रिक गणतन्त्रमा समेत यसरी महिला तथा बालबालिकामाथि निरन्तर हत्या, हिंसा र बलात्कार हुनु विडम्वनापूर्ण विषय हो । समाजमा कायम रहेको पितृसत्ता र जातव्यवस्थाको प्रभावले संविधानमा उल्लेख गरिएका संवैधानिक हकहरुको प्रभावकारी कार्यान्वयन हुन नसक्दा निरन्तर यस्ता घटना भईरहेको पाइन्छ । अहिलेको समयमा समेत यस्ता घटनाहरु भैरहनु देशकै लागि लज्जास्पद विषय हो ।

हामी यस घटनाको निष्पक्ष र प्रभावकारी छानविन तथा अनुसन्धान गर्न सम्वन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउँदछौं । घटनाका दोषीलाई कडा कारवाही गरी पीडितलाई न्याय दिन र पीडित परिवारलाई सुरक्षा व्यवस्था गरी उचित क्षतिपूर्ति उपलव्ध गराउन हार्दिक अनुरोध गर्दछौं । यसका साथै रौतहट र पर्सा सहित देशका विभिन्न भागमा महिला, दलित र किशोरीमाथि भैरहेका हिंसा र विभेदका घटनाहरुको समेत गम्भीर छानविन गरी दोषीलाई कडा कारवाही गर्न, पीडितलाई न्याय प्रदान गर्न र कानुन कार्यान्वयन गर्ने निकायलाई जवाफदेहि वनाउन राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगका तर्फबाट सम्वन्धित सवै पक्षसमक्ष हार्दिक अपिल गर्दछौ ।

देवराज विश्वकर्मा
अध्यक्ष
राष्ट्रिय दलित आयोग

कमला कुमारी पराजुली
अध्यक्ष
राष्ट्रिय महिला आयोग